इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

आज मिति २०८१।०४।११ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, अधिकृत सातौं, प्रशासन शाखा Bpandit
२. उद्गम तिमिल्सिना, अधिकृत सातौं, आर्थिक प्रशासन शाखा
३. भरत गुरुङ, सब इन्जिनियर, पूर्वाधार विकास शाखा

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

## कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: ४३
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८१।०४।११
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान ९:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०४।११ | ९:०० बजे | आ.व. २०८१।०८२ को लागि इच्छाकामना गाउँपालिकाको दररेट निर्धारण गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८१।०४।११ | ९:१५ बजे | करार सेवाका कर्मचारीहरुको करार अवधि थप गर्ने सम्बन्धमा। | प्रशासन शाखा | २ |
| २०८१।०४।११ | ९:३० बजे | सामुदायिक स्वास्थ्य ईकाइ, मायाँटारमा Birthing Center सञ्चालन गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ३ |
| २०८१।०४।११ | ९:४५ बजे | बालिका विकास सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन सम्बन्धमा। | स्वास्थ्य शाखा | ४ |
| २०८१।०४।११ | १०:०० बजे | मेडिकल अधिकृत (अधिकृतस्तर आठौं तह सरह) सेवा करारमा लिन विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ५ |
| २०८१।०४।११ | १०:१५ बजे | योजनाहरुको म्याद थप गर्ने सम्बन्धमा। | योजना शाखा | ६ |
| २०८१।०४।११ | १०:३० बजे | गाउँपालिकाका महत्वपूर्ण सडकहरुमा Lane Worker राख्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ७ |
| २०८१।०४।११ | ११:४५ बजे | झोलुङ्गे पुल माग सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ८ |
| २०८१।०४।११ | १२:०० बजे | उपर्दाङगढीमा कोत घर (गढी दरबार) निर्माणको लागि पुरातत्व विभागसँग समन्वय गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८१।०४।११ | १२:१५ बजे | इच्छाकामना आधारभूत अस्पतालमा क़ार्यरत मेडिकल अधिकृतहरुको अतिरिक्त समय काम गरे बापतको थप सेवा सुविधा तथा उक्त अस्पतालमा कार्यरत कर्मचारीहरुको २०८१ साल जेठ र असार महिनामा अतिरिक्त समयमा काम गरेको सेवा सुविधा सम्बन्धमा। | स्वास्थ्य शाखा | १० |
| २०८१।०४।११ | १२:३० बजे | कोसेली घर निर्माण सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ११ |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।०३।१८ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**४३ औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: इच्छाकामना गाउँपालिकाको आ.व. २०८१।०८२ मा स्वीकृत बार्षिक बजेट, नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा कार्यक्रमहरुको सञ्चालनका लागि पूर्वाधार विकास शाखाबाट पेश भएको दररेट स्वीकृत गर्ने। साथै उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ताले कम्तिमा देहाय बमोजिमको श्रमदानको अंश बेहोर्नुपर्ने।

(क) संरचना निर्माण कार्यमा १० प्रतिशत

(ख) अन्य कार्यमा २० प्रतिशत

निर्णय नं.२: यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा धार्मिक, ऐतिहासिक एवं प्राकृतिक महत्वका पर्यटकीय स्थलहरुमा आ.व. २०८०।०८१ मा सेवा करारमा कार्यरत कर्मचारीहरुको आ.व. २०८१।०८२ को लागि करार अवधि आवश्यकता र औचित्यताको आधारमा थप गर्ने। यस कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतलाई सम्पूर्ण जिम्मेवारी प्रदान गर्ने।

निर्णय नं. ३: यस गाउँपालिकाको वडा नं. २ मा सञ्चालित सामुदायिक स्वास्थ्य इकाई, मायाटारमा Birthing Center सञ्चालन गर्ने गरी सेवा विस्तार गर्ने। उक्त सेवा विस्तारको लागि आवश्यक पर्ने जनशक्ति तथा स्वास्थ्य सामाग्री गाउँ कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन गर्ने।

निर्णय नं.४: बालिका विकास सम्बन्धी कार्यविधि, २०७५ मा देहायबमोजिम संशोधन गर्ने।

देहायः

(क) कार्यविधिको दफा ३(क) मा रहेको बाक्यांशको सट्टा *"मान्यताप्रास अस्पताल वा बर्थिङ सेन्टरमा जन्मिएको र सो स्वास्थ्य संस्था वा अस्पतालको प्रमाणित जन्म प्रमाण पत्र वा सिफारिस हुनु पर्ने"* भन्ने बेहोराको बाक्यांश थप गर्ने।

(ख) कार्यविधिको दफा ३(ग) पछि (घ) मा *"कुनै कारणबस वालिकाको मृत्यु भई निजको अभिभावकले आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिएमा गाउँपालिकाबाट वालिकाको बैङ्क खातामा उपलब्ध गराइएको रकम गाउँपालिकाको सिफारिसमा निजको अभिभावकले झिक्न सक्नेछन्"* भन्ने बाक्यांश थप गर्ने।

निर्णय नं.५: इच्छाकामना गाउँपालिका अन्तर्गतको इच्छाकामना आधारभूत अस्पतालमा रिक्त रहेको मेडिकल अधिकृत (अधिकृतस्तर आठौं तह सरह) पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६: यस गाउँपालिकाद्वारा आ.व. २०८०।०८१ मा सञ्चालित तपसिलमा उल्लिखित योजनाहरुको म्याद तपसिल बमोजिम हुने गरी थप गर्ने।

तपसिलः

(क) ठेक्का नं. NCB/IRM/09/080/081, Road Landscape and Park Estimation Work at Ichchhakamana Rural Municipality कार्यको म्याद प्रथम पटकका लागि मिति २०८१।०५।१५ गते सम्मको लागि थप गर्ने।

(ख) वडा नं. १ मा चौकीडाँडा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिद्वारा सञ्चालित चौकीडाँडा खानेपानी तथा सरसफाइ योजनाको म्याद प्रथम पटकका लागि २०८१ साल पौष मसान्तसम्मको लागि थप गर्ने।

(ग) वडा नं. ७ मा दाहाखानी लिफ्टिङ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिद्वारा सञ्चालित दाहाखानी लिफ्टिङ खानेपानी तथा तथा सरसफाइ योजनाको म्याद प्रथम पटकका लागि २०८१ साल पौष मसान्तसम्मको लागि थप गर्ने।

निर्णय नं. ७: इच्छाकामना गाउँपालिकाको वडा नं. ३, ४ र ६ का महत्वपूर्ण सडकहरु बर्षाको समयमा बाढी पहिरोको कारण बेलाबेला अवरुद्ध भइरहने हुनाले नालीबाट पानी कटाउने, खाल्डाहरु पुर्ने, सानातिना पहिरो तथा अबरोधहरु हटाई सडकलाई बर्षाको समयमा पनि नियमित सुचारु गर्नको लागि २०८१ श्रावण १ गते देखि लागू हुने गरी २०८१ आश्विन मसान्त सम्मको लागि शनिबार बाहेक अन्य दिनहरुमा दैनिक ज्यालादारीमा काम गर्ने गरी वडा कार्यालयको सिफारिसका आधारमा देहाय बमोजिम प्रत्येक वडामा १/१ जना सडक सरसफाईकर्मी (Lane Worker) राख्ने।

देहायः

| क्र.सं. | काम गर्नुपर्ने स्थान | सरसफाईकर्मीको नाम, थर र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. ३ का ग्रामिण सडकहरु | सन्दिप गुरुङ, इ.गा.पा. वडा नं. ३ | |
| २. | वडा नं. ४ का ग्रामिण सडकहरु | कृष्ण बहादुर गुरुङ, इ.गा.पा. वडा नं. ४ | |
| ३. | वडा नं. ६ का ग्रामिण सडकहरु | बिर बहादुर गुरुङ, इ.गा.पा. वडा नं. ६ | |

निर्णय नं. ८: यस गाउँपालिकाको वडा नं. ३ र वडा नं. ४ को सिमानामा पर्ने बारबाङ खोलास्थित वडा नं. ३ को बुङ्गेडाँडा र वडा नं. ४ को नयाँबस्ती माथिको मन्दिर नजिकैको डाँडालाई जोड्ने गरी साथै वडा नं. ६ मा पर्ने प्राकृतिक सौन्दर्यले भरिपूर्ण प्रसिद्ध पर्यटकीय क्षेत्र जलबिरे झरना (लामो झरना) मा बीचभागमा माथि उठेको (आर्क आकारको) झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित निकायमा माग गरी पठाउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

निर्णय नं. ९: वडा नं. ७ स्थित ऐतिहासिक महत्वको पर्यटकीय स्थल उपर्दाङगढीमा पुरातत्व विभागसँगको समन्वयमा परम्परागत एवम् पुरातात्विक मौलिकता झल्किने किसिमको कोत घर (गढी दरबार) निर्माण गर्न लागत स्टिमेट, ड्रईङ, डिजाइन लगाएतका आवश्यक कागजात संलग्न राखी कोत घर निर्माणको सहमतिको लागि पुरातत्व विभागमा लेखी पठाउने।

निर्णय नं. १०: इच्छाकामना आधारभूत अस्पताल २४ सै घण्टा सञ्चालन हुने (सार्वजनिक विदाको दिनमा समेत) हुँदा उक्त अस्पतालमा कार्यरत मेडिकल अधिकृतहरुलाई २०८१ साल श्रावण १ गते देखि लागू हुने गरी कार्यालय समय बाहेक अतिरिक्त समयमा काम गरेबापत निजहरुले खाइपाई आएको आधारभूत तलब स्केलको ५०% का दरले हुन आउने रकम थप सेवा सुविधाको रुपमा उपलब्ध गराउने। साथै इच्छाकामना आधारभूत अस्पतालमा २०८१ साल जेठ र असार महिनामा अतिरिक्त समय काम गर्ने कर्मचारीहरुको अतिरिक्त समय काम गरे बापतको नियमानुसार पाउनुपर्ने सेवा सुविधा उक्त अस्पताल कोषबाट नै भुक्तानी गर्न सिफारिस गर्ने।

निर्णय नं. ११: वडा नं. ६ मा कोसेली घर निर्माण गरी सञ्चालनको लागि चालु आ.व. २०८१।०८२ मा बागमती प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत रु. २५,००,०००।-(अक्षरेपि पच्चिस लाख मात्र) बजेट विनियोजन भई कार्यान्वयनको लागि यस गाउँपालिकामा योजना/कार्यक्रम प्राप्त भएको तर उक्त बजेट पर्याप्त नभएको र उपयुक्त स्थलको सहज उपलब्धता हुन नसकेकोले कोसेली घर निर्माणको लागि विनियोजित बजेटबाट चण्डिभञ्याङ महिला उद्यमी कृषि सहकारी संस्थाको निर्माणाधिन भवनको अपुरो निर्माण पुरा गरी सोही भवनको पहिलो तल्लामा सहकारी र भुँई तल्लामा कोसेली घर सञ्चालन गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष